विराटनगर महानगरपालिका, नगर सभाको सत्रौं अधिवेशनको मिति २०८२/०९/२४ मा बसेको बैठकको एजेन्डा र निर्णयहरू:-

| क्र.सं. | एजेन्डा | निर्णयको ब्यहोरा |
|---|---|---|
| १ | चालु आ.व. २०८२/०८३ को अर्धवार्षिक समीक्षा सम्बन्धमा। | सभामा पेस भएको नगर सभाको सोह्रौं अधिवेशनबाट पारित विराटनगर महानगरपालिकाको आ.व. २०८२/०८३ को वार्षिक नीति, कार्यक्रम तथा बजेटको अर्धवार्षिक कार्यान्वयन प्रगति, आय-व्यय विवरण, मुख्य-मुख्य उपलब्धी तथा चुनौति लगायतको अर्धवार्षिक समीक्षा अनुमोदन गरियो। |
| २ | आर्थिक ऐन, २०८२ को संशोधन विधेयक सम्बन्धमा। | नगर कार्यपालिकाबाट स्वीकृत भई सभामा पेस भएको विराटनगर महानगरपालिकाको आर्थिक (पहिलो संशोधन) विधेयक, २०८२ पारित गरियो। |
| ३ | विनियोजन ऐन, २०८२ को संशोधन विधेयक सम्बन्धमा। | नगर कार्यपालिकाबाट स्वीकृत भई सभामा पेस भएको विराटनगर महानगरपालिकाको विनियोजन (पहिलो संशोधन) विधेयक, २०८२ पारित गरियो। |
| ४ | बजेट तथा कार्यक्रम संशोधन सम्बन्धमा। प्रतिलिपि | सम्वत् २०८२ साल भदौ २३ र २४ गते भएको जेन-जी आन्दोलनबाट उत्पन्न परिस्थिति, घरजग्गा कारोबारमा आयको मन्दी, संस्थागत बहाल कर लक्ष्य अनुरुप असुल हुन नसक्नु लगायतका कारण प्रक्षेपण गरिएभन्दा महानगरपालिकाको आय न्यून सङ्कलन हुने देखिएकाले नगर सभाको सोह्रौं अधिवेशनबाट पारित विराटनगर महानगरपालिकाको आ.व. २०८२/०८३ को वार्षिक बजेटको २० प्रतिशत रकम कटौती हुनेगरी वडास्तरीय बाहेकका विषय क्षेत्रगत तथा नगरस्तरीय कार्यक्रम समायोजन हुनेगरी एवम् केही कार्यक्रमहरू संशोधन तथा थपघट हुनेगरी रु.३,६०,९७,००,०००।- बराबरको संशोधित बजेट तथा कार्यक्रम पारित गरियो। |
| ५ | वडास्तरीय बजेट तथा योजना/कार्यक्रम संशोधन सम्बन्धमा। | आ.व. २०८२/०८३ को वार्षिक बजेट तथा कार्यक्रममा सम्बन्धित वडाको सिफारिस अनुसार **अनुसूची-१** बमोजिमको वडास्तरीय बजेट तथा कार्यक्रम संशोधन गरियो। |
| ६ | बेरुजु नियमित गर्ने सम्बन्धमा। | आ.व. २०७३/०७४ देखि २०८०/०८१ सम्मको महालेखा परीक्षकको प्रतिवेदनले औंल्याएका बेरुजुको सम्बन्धमा अर्थ तथा सार्वजनिक लेखा समितिको सिफारिस अनुसार **अनुसूची-२** बमोजिम नियमित गर्ने निर्णय गरियो। |
| ७ | विभिन्न मितिका नगर कार्यपालिका बैठकका निर्णयहरूको अनुमोदन सम्बन्धमा। | नगर सभामार्फत गर्नुपर्ने केही महत्वपूर्ण निर्णयहरू तत्कालै गरी कार्यान्वयन गर्नुपर्ने अवस्था सिर्जना भएकाले सभाबाट अनुमोदन हुनेगरी विभिन्न मितिमा बसेको नगर कार्यपालिकाको बैठकबाट गरिएका **अनुसूची-३** बमोजिमका निर्णयहरूको अनुमोदन गरियो। साथै, चालु आ.व. २०८२/०८३ मा हालसम्म बसेका नगर कार्यपालिका बैठकको बैठक संख्या १ देखि ६ सम्म भएका निर्णयहरूलाई समेत अनुमोदन गरियो। |

<table>
<tr><th>क्र.सं.</th><th>एजेन्डा</th><th>निर्णयको ब्यहोरा</th></tr>
<tr><td>८</td><td>रानी अस्पतलाको संगठन संरचना तथा दरबन्दी तेरिज अद्यावधिक सम्बन्धमा।</td><td>विराटनगर महानगरपालिका अन्तर्गतको रानी अस्पताल, विराटनगर १५ को संगठन संरचना तथा दरबन्दी तेरिज नेपाल सरकार (स्वास्थ्य तथा जनसंख्या मन्त्रालय) बाट स्वीकृत भएको स्थानीय तहमा स्थापना हुने १५ शैयाको आधारभूत अस्पतालको प्रस्तावित (नमूना) संगठन संरचना तथा दरबन्दी तेरिज अनुसारको रहेकोमा उक्त अस्पतालमा प्रयोगशाला सेवा विस्तार गरी सञ्चालन गर्नका लागि जनशक्ति व्यवस्थापन गर्न नगर कार्यपालिकाको सिफारिस बमोजिम उल्लिखित दरबन्दी तेरिजमा देहायको दरबन्दी थप गरी अद्यावधिक गर्ने निर्णय गरियो।
<table>
<tr><th>क्र.सं.</th><th>पद</th><th>तह</th><th>संख्या</th></tr>
<tr><td>१</td><td>मेडिकल ल्याब टेक्नोलोजिष्ट/वरिष्ठ ल्याब टेक्निसियन निरीक्षक</td><td>७/८</td><td>२</td></tr>
<tr><td>२</td><td>ल्याब टेक्निसियन</td><td>५/६</td><td>१</td></tr>
<tr><td>३</td><td>ल्याब असिस्टेन्ट</td><td>४</td><td>२</td></tr>
</table></td></tr>
<tr><td>९</td><td>महानगर अटिजम सेवा केन्द्रको दरबन्दी तेरिज सम्बन्धमा।</td><td>विराटनगर महानगरपालिका अन्तर्गत सञ्चालनमा रहेको महानगर अटिजम सेवा केन्द्रका लागि नगर कार्यपालिकाको सिफारिस बमोजिम देहाय अनुसारको अस्थायी दरबन्दी स्वीकृत गर्ने निर्णय गरियो।
<table>
<tr><th>क्र.सं.</th><th>पद</th><th>तह</th><th>संख्या</th></tr>
<tr><td>१</td><td>संयोजक</td><td>७/८</td><td>१</td></tr>
<tr><td>२</td><td>विशेष शिक्षक</td><td>प्राथमिक शिक्षक (तृतीय श्रेणी) सरह</td><td>८</td></tr>
<tr><td>३</td><td>आया/सहयोगी</td><td>कार्यालय सहयोगी सरह</td><td>८</td></tr>
</table></td></tr>
<tr><td>१०</td><td>विभिन्न नियम, निर्देशिका, कार्यविधि तथा मापदण्डहरूको अनुमोदन सम्बन्धमा।</td><td>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२(२) मा भएको व्यवस्था बमोजिम नगर कार्यपालिकाले विभिन्न मितिमा स्वीकृत गरी लागु गरेका सम्पूर्ण नियम, निर्देशिका, कार्यविधि र मापदण्डहरू अनुमोदन गरियो।</td></tr>
<tr><td>११</td><td>तारिणीप्रसाद कोइराला स्मृति सञ्चारग्रामलाई जग्गा उपलब्ध गराउने सम्बन्धमा।</td><td>विराटनगर महानगरपालिकाको नाममा दर्ता कायम रहेको वडा नं. ४, खारजी (साविक कञ्चनबारी १क) स्थित कि.नं. ९३२ र ९३४ को ०-६-१८ (बिघा) जग्गामा तारिणीप्रसाद कोइराला स्मृति सञ्चारग्राम निर्माण भएकोमा विराटनगर महानगरपालिका र रेडियो प्रसार सेवा विकास समिति (रेडियो नेपाल) बीच भएको समझदारी बमोजिम उक्त जग्गा सञ्चारग्रामलाई हस्तान्तरण गर्नका लागि नगर कार्यपालिकाको सिफारिस अनुसार सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमार्फत नेपाल सरकारसँग सहमति माग गर्ने निर्णय गरियो।</td></tr>
<tr><td>१२</td><td>सामुदायिक विद्यालयमा कार्यरत विद्यालय सहायक (लेखा हेर्ने) कर्मचारीको पारिश्रमिक सम्बन्धमा।</td><td>विराटनगर महानगरपालिकामा सञ्चालित सामुदायिक विद्यालयमा कार्यरत विद्यालय सहायक (लेखा हेर्ने) कर्मचारीलाई महानगरपालिकाको आन्तरिक स्रोतबाट उपलब्ध गराउँदै आएको पारिश्रमिक पुनरावलोकन गर्दै आगामी २०८२ साल माघ महिनाबाट लागु हुनेगरी मासिक रु.७,०००।- (अक्षेरुपी सात हजार) कायम गरी भुक्तानी दिने निर्णय गरियो ।</td></tr>
</table>

| क्र.सं. | एजेन्डा | निर्णयको ब्यहोरा |
|---|---|---|
| १३ | विराटनगर महानगरपालिकाको एकीकृत फोहोरमैला व्यवस्थापन सम्बन्धमा। | विराटनगर महानगरपालिकाको समग्र ठोस फोहोरमैला (Solid Waste) लाई सङ्कलनदेखि प्रशोधन तहसम्मको चरणमा दीर्घकालीन व्यवस्थापन गर्न सार्वजनिक-निजी साझेदारी अवधारणा अनुरुप बीस वर्ष अवधिका लागि एकीकृत फोहोरमैला व्यवस्थापन गर्ने प्रयोजनार्थ नगर कार्यपालिकाबाट अनुमोदन भई पेश भएको सम्भाव्यता अध्ययन प्रतिवेदन, आवश्यकता पहिचान प्रतिवेदन, आर्थिक विश्लेषण प्रतिवेदन, Request for Proposal र Terms of Reference एवम् सेवा शुल्क स्वीकृत गर्ने र सो बमोजिम विद्युतीय माध्यमबाट प्रस्ताव आह्वान गर्ने निर्णय गरियो। साथै, उल्लिखित प्रतिवेदन तथा कागजातमा आवश्यकता अनुसार संशोधन तथा परिमार्जन गर्न नगर कार्यपालिकालाई अधिकार दिने निर्णय गरियो। |
| १४ | गाउँ नगर साझेदारी विकास कार्यक्रम अन्तर्गतका बैङ्क खाताहरूको सम्बन्धमा। | विगतमा (विराटनगर उपमहानगरपालिका हुँदाको बखत) सञ्चालन भएको गाउँ नगर साझेदारी विकास कार्यक्रम अन्तर्गतका बैङ्क खाताहरू बन्द गरी उक्त खाताहरूमा रहेको रकम विराटनगर महानगरपालिकाको कृषि विकास बैङ्क लिमिटेडमा रहेको विविध कोष हि.नं. ०६०१६०११४५९७३०५९ मा जम्मा गर्ने निर्णय गरियो। |
| १५ | जनपथ मा.वि.लाई सञ्चालन अनुदान रकम उपलब्ध गराउने सम्बन्धमा। | वडा नं. ११ अन्तर्गत वडास्तरीय योजना तथा कार्यक्रममा जनपथ मा.वि.लाई सञ्चालन अनुदान शीर्षकमा रु.१,८०,०००।- रकम विनियोजन गर्ने निर्णय गरियो। |
| १६ | भुक्तानी दिन बाँकि योजना अन्तर्गत लाइन क्वाटर मस्जिद गल्लीको नाला निर्माण इम्वाडा र लाइन क्वाटरको चौरीमा नाला निर्माण योजनाको विनियोजित रकम हस्तान्तरण सम्बन्धमा। | साविकमा वडा नं. १७ को वडास्तरीय योजना/कार्यक्रम अन्तर्गत कार्यान्वयन भएको लाइन क्वाटर मस्जिद गल्लीको नाला निर्माण इम्वाडा र लाइन क्वाटरको चौरीमा नाला निर्माण योजनाको भुक्तानी दिन बाँकि रहेको रकम भुक्तानीका लागि आ.व. २०८२/०८३ को बजेट तथा कार्यक्रममा बहुवर्षीय तथा भुक्तानी दिन बाँकि योजना अन्तर्गत विनियोजन गरिएको रकम रु.२,२७,८२४।- सम्बन्धित (१७ नं.) वडा कार्यालयलाई खर्च गर्न हस्तान्तरण गर्ने निर्णय गरियो। |
| १७ | संघसंस्थागत चालुतर्फका कार्यक्रमहरूलाई पूँजीगत खर्च गर्ने सम्बन्धमा। | विराटनगर महानगरपालिको आ.व. २०८२/०८३ को वार्षिक नीति, कार्यक्रम तथा बजेटमा संघसंस्थागत चालु खर्चतर्फका कार्यक्रमहरूमध्ये सम्बन्धित संस्थाको माग बमोजिम पूँजीगततर्फ गरिएको खर्चलाई अनुमोदन गर्ने र उक्त बमोजिमका चालुतर्फका कार्यक्रमहरू सम्बन्धित संस्थाले पूँजीगततर्फ खर्च गर्न चाहेमा खर्च गर्न स्वीकृति प्रदान गर्ने निर्णय गरियो। |

प्रतिलिपि

विराटनगर महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
विराटनगर, मोरङ
कोशी प्रदेश, नेपाल

विराटनगर महानगरपालिका, नगर सभाको सत्रौं अधिवेशनको मिति २०८२/०९/२४ मा बसेको बैठकको एजेन्डा र निर्णयहरू:-

| क्र.सं. | एजेन्डा | निर्णयको व्यहोरा |
|---|---|---|
| १० | तारिणीप्रसाद कोइराला स्मृति सञ्चारग्रामलाई जग्गा उपलब्ध गराउने सम्बन्धमा। | विराटनगर महानगरपालिकाको नाममा दर्ता कायम रहेको वडा नं. ४, खारजी (साविक कञ्चनबारी १क) स्थित कि.नं. ९३२ र ९३४ को ०-६-१८ (बिघा) जग्गामा तारिणीप्रसाद कोइराला स्मृति सञ्चारग्राम निर्माण भएकोमा विराटनगर महानगरपालिका र रेडियो प्रसार सेवा विकास समिति (रेडियो नेपाल) बीच भएको समझदारी बमोजिम उक्त जग्गा सञ्चारग्रामलाई हस्तान्तरण गर्नका लागि नगर कार्यपालिकाको सिफारिस अनुसार सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमार्फत नेपाल सरकारसँग सहमति माग गर्ने निर्णय गरियो। |

प्रतिलिपि

विराटनगर महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
विराटनगर, मोरङ
कोशी प्रदेश, नेपाल

विराटनगर महानगरपालिका, नगर सभाको सत्रौं अधिवेशनको मिति २०८२/०९/२४ मा बसेको बैठकको एजेन्डा र निर्णयहरू:-

| क.सं. | एजेन्डा | निर्णयको ब्यहोरा |
|---|---|---|
| १३ | विराटनगर महानगरपालिकाको एकीकृत फोहोरमैला व्यवस्थापन सम्बन्धमा। | विराटनगर महानगरपालिकाको समग्र ठोस फोहोरमैला (Solid Waste) लाई सङ्कलनदेखि प्रशोधन तहसम्मको चरणमा दीर्घकालीन व्यवस्थापन गर्न सार्वजनिक-निजी साझेदारी अवधारणा अनुरुप बीस वर्ष अवधिका लागि एकीकृत फोहोरमैला व्यवस्थापन गर्ने प्रयोजनार्थ नगर कार्यपालिकाबाट अनुमोदन भई पेश भएको सम्भाव्यता अध्ययन प्रतिवेदन, आवश्यकता पहिचान प्रतिवेदन, आर्थिक विश्लेषण प्रतिवेदन, Request for Proposal र Terms of Reference एवम् सेवा शुल्क स्वीकृत गर्ने र सो बमोजिम विद्युत्तीय माध्यमबाट प्रस्ताव आह्वान गर्ने निर्णय गरियो। साथै, उल्लिखित प्रतिवेदन तथा कागजातमा आवश्यकता अनुसार संशोधन तथा परिमार्जन गर्न नगर कार्यपालिकालाई अधिकार दिने निर्णय गरियो। |

प्रति लिपि

विराटनगर महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
विराटनगर, मोरङ
कोशी प्रदेश, नेपाल

विराटनगर महानगरपालिका, नगर सभाको सत्रौं अधिवेशनको मिति २०८२/०९/२४ मा बसेको बैठकको एजेन्डा र निर्णयहरू:-

| क्र.सं. | एजेन्डा | निर्णयको ब्यहोरा |
|---|---|---|
| १४ | गाउँ नगर साझेदारी विकास कार्यक्रम अन्तर्गतका बैङ्क खाताहरूको सम्बन्धमा। | विगतमा (विराटनगर उपमहानगरपालिका हुँदाको बखत) सञ्चालन भएको गाउँ नगर साझेदारी विकास कार्यक्रम अन्तर्गतका बैङ्क खाताहरू बन्द गरी उक्त खाताहरूमा रहेको रकम विराटनगर महानगरपालिकाको कृषि विकास बैङ्क लिमिटेडमा रहेको विविध कोष हि.नं. ०६०१६०११४५९७३०५९ मा जम्मा गर्ने निर्णय गरियो। |

प्रतिलिपि

विराटनगर महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
विराटनगर, मोरङ
कोशी प्रदेश, नेपाल